# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।०१ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---------------------------------------------------------------------

प्रहरी चौकी औरही, महोत्तरीमा कार्यरत प्रहरी सहायक निरीक्षक राम नरेश साह तेलीले नेपाल भारत सिमा बजारबाट घरमा प्रयोग गर्ने ईलेक्ट्रोनिक लगायतका सामानहरू ल्याउन सहज गराइ दिने भनि विभिन्न बहानामा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास महोत्तरीबाट खटिई गएको टोलीले मिति २०७५।१०।२९ गते निज प्रहरी सहायक निरीक्षक राम नरेश साह तेलीले सेवाग्राहीसँग रु.१०,०००।- (दश हजार) घुसबापतको रकम लिई स्थानिय फर्निचर उद्योग संञ्चालक दिनेश साहलाई दिदै गर्दाको अवस्थामा नियन्त्रणमा लिने क्रममा स्थानिय व्यक्तीहरूको उत्तेजित भिडले निजहरूलाई भगाएकोमा आज मिति २०७५।११।१ गते आयोगको कार्यालय बर्दिवासबाट खटि गएको टोलीले निजहरु दुवै जनालाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भईरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता